annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८, पृष्ठ १२ | काठमाडौं, शुक्रबार २५ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४६ | FRIDAY, MAY 8, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**

लोवर बडिगाड जलाशययुक्त जलविद्युत आयोजना (२३७.२ मेगावाट) को
## वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित)
(प्रकाशन मितिः २०८३/०१/२५)

लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको सत्यवती गाउँपालिका, चन्द्रकोट गाउँपालिका, मुसिकोट नगरपालिका, रुरुक्षेत्र गाउँपालिका, गुल्मी दरबार गाउँपालिका, छत्रकोट गाउँपालिका र रेसुङ्गा नगर पालिका र गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको कालिगण्डकी गाउँपालिकामा विद्युत विकास विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-१-४४३४११९, फ्याक्सः ९७७-१-५२४४२५७<br>इमेलः info@doed.go.np |

**प्रस्तावको व्यहोराः** विद्युत विकास विभागबाट लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको सत्यवती गाउँपालिका, चन्द्रकोट गाउँपालिका, मुसिकोट नगरपालिका, रुरुक्षेत्र गाउँपालिका, गुल्मी दरबार गाउँपालिका, छत्रकोट गाउँपालिका र रेसुङ्गा नगरपालिका र गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको कालिगण्डकी गाउँपालिका भएर बग्ने बडिगाड नदीको पानी प्रयोग गरी २३७.२ मेगावाट क्षमताको लोवर बडिगाड जलाशययुक्त जलविद्युत आयोजना प्रस्ताव गरेको छ। प्रस्तावित आयोजना बमोजिम गुल्मी जिल्लाको सत्यवती गाउँपालिकाको वडा नं. ४ र रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ६ को सिमानामा लुम्दी खोला र बडिगाड नदीको संगम देखि ७०० मि. माथि बडिगाड नदीमा १९५ मि. को अग्लो बाँध बनाई ३.१ कि.मि. लामो सुरुङ माध्यम बाट गुल्मी जिल्लाकै रुरुक्षेत्र गाउँपालिका वडा नं. २ स्थित रुद्रबेनी बजार नजिकै बडिगाड नदी र कालीगण्डकी नदीको संगम देखि ७५० मि. तल्लो क्षेत्रमा कालीगण्डकी नदीको दायाँ किनारमा विद्युतगृह निर्माण गरी २३७.२ मेगावाट ऊर्जा उत्पादन गरिनेछ।

| | |
|---|---|
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | » **आयोजनाको प्रस्तावित जलाशयबाट हुन सक्ने प्रभावित वडाहरुः** सत्यवती गाउँपालिकाको वडा नं. ४, ५, ६ र ७, रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ र ६, छत्रकोट गाउँपालिकाको वडा नं. १ र २, चन्द्रकोट गाउँपालिका वडा नं. ७ र ८, गुल्मी दरबार गाउँपालिकाको वडा नं. १ र २, रेसुङ्गा नगरपालिका वडा नं. १४ र मुसिकोट नगरपालिका वडा नं. ४, ५ र ६<br>» **आयोजनाको संरचना (अवयव र सुविधा) प्रस्ताव गरिएका स्थानहरुः** रुरुक्षेत्र गाउँपालिकाको वडा नं. २ र ६, सत्यवती गाउँपालिकाको वडा नं. ४<br>» **आयोजना क्षेत्र भित्र कम बहाव क्षेत्रहरुः** सत्यवती गाउँपालिकाको वडा नं. १, रुरुक्षेत्र गाउँपालिकाको वडा नं. २ र कालिगण्डकी गाउँपालिकाको वडा नं. २ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, समाजिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा वडाहरू र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय महानुभावहरु साथै अन्य सबै सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगाना आई पुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

**प्रस्तावकको नाम र ठेगानाः**
विद्युत विकास विभाग
सानो गौचरण, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४४३४११९
इमेलः info@doed.gov.np

**परामर्शदाताको नाम र ठेगानाः**
**इ.आर.एम.सी., हाइड्रो कन्सल्ट इन्जिनियरिङ्ग लिमिटेड र सिल्ट कन्सल्ट्यान्टस् प्रा.लि.को संयुक्त उपक्रम**
गङ्गा देवी मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल
टेलिफोन नं- ९७७-१-४७९२५०७/४७९५९२०
इमेल : service@hcel.com.np